**का. जि. का. म. न. पा. वडा नं. २ गैरीधारा स्थित "प्रभु म्यानेजमेण्ट प्रा.लि."**
**र .................. जिल्ला ..................................................., स्थितको "**
**...........................................................................**"

# *का बीचमा भएको सम्झौता*

लिखितम नेपाल सरकार, उद्योग मन्त्रालय,कम्पनी रजिष्टार कार्यालय काठमाण्डौमा दर्ता नं ९३१९०/०६८/०६९मा मिति २०६९/०२ /१ गते दर्ता भएको का.जि.का.म.न.पा वडा नं २, स्थित **प्रभु मेनेजमेन्ट प्रा.लि** (जसलाई यस पछि प्रथम पक्ष भनी सम्वोधन गरीनेछ ) र डिभिजन सहकारी कार्यालयबाट स्वीकृत प्राप्त .................... जिल्ला....................... स्थित........................ सहकारी संस्था लि.( जसलाई यस पछि दोश्रो पक्ष भनि सम्वोधन गरीनेछ ) का बीच देहायको विषय वस्तुमा देहाय वमोजिमका शर्त तथा वन्देजको आधारमा रहि प्रतिनिधि/सहायक प्रतिनिधि करार गर्न मन्जुर भई दुवै पक्षको स्वतन्त्र मनोमानी र राजीखुसीका साथ तपशिलमा उल्लेखित साक्षीको रोहवरमा प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त श्री..................................र दोश्रो पक्षको तर्फबाट सो संस्थाका .......................श्री ........................................ले सहीछाप गरी एक एक प्रति लियौं दियौं ।

**करारको विषयवस्तु**

१) प्रथम पक्ष मार्फत नेपालको जुन सुकै स्थान बाट जुन सुकै स्थानमा रकम स्थानान्तरण कार्य गरी सम्बन्धित व्यक्ति लाई रकम भुक्तानी दिने कार्यका लागि रकम संकलन तथा भुक्तानी कार्य गर्न द्धितिय पक्ष रहेको स्थानमा प्रतिनिधि भई कार्य गर्ने ।

२) प्रथम पक्ष मार्फत सम्झौता गरेको सहकारी संस्थाहरु विच अन्तर सहकारी सम्वन्ध कायम गरी एक सहकारी संस्थाले अर्को सहकारी संस्थाको ग्राहक/सदस्यको खातामा सिधै पैसा जम्मा गर्ने कार्य गर्ने ।

३) प्रथम पक्ष मार्फत स्विकृत प्राप्त मनी ट्रान्सफर कम्पनीहरुको एजेन्ट तथा सव एजेन्ट भई विदेशबाट आएको Inward Remittance भुक्तानी गर्ने कार्य गर्ने ।

४) द्धितिय पक्ष मार्फत विद्युतिय माध्यमद्वारा विल भुक्तानी कार्य गर्ने गराउने ।

५) द्धितिय पक्ष मार्फत ग्राहकवर्गमाझ एस.एम.एस प्लस तथा मोवाईल वैंकिङ्ग सेवा उपलब्ध गर्ने गराउने ।

६) द्धितिय पक्ष मार्फत सहकारी संस्थाका सदस्यहरुलाई विद्युतीय कार्ड सेवा, बिक्री केन्द्र अर्थात Point of Service or Sale (POS) सेवा, मोबाइल, इन्टरनेट वा अन्य साधनबाट विद्युतीय कोष हस्तान्तरण तथा विद्युतीय भुक्तानी सेवा लगायतका विद्युतीय वित्तियसेवा उपलब्ध गराउने ।

७) प्रथम पक्षको प्राविधिक सहयोगमा सहकारी संस्थाका सदस्यहरुको माग तथा आवश्यकतामा आधारीत नविन विद्युतीय वित्तिय सेवाहरुको ( New Digital Financial Product ) प्रथम पक्ष तथा द्धितिय पक्षले संयुक्त रुपमा विकास ( Joint Product Development ) गरी द्धितिय पक्षले आफ्ना सदस्यहरु माझ लागु गर्ने गराउने ।

प्रथम पक्ष                                                                                  दोश्रो पक्ष

**कारोबार संचालन, व्यवस्थापन, निरीक्षण तथा निर्देशन**

१) प्रथम पक्षले द्वितीय पक्षलाई कारोवार संचालन गर्न प्रदान गरेको साइनवोर्ड टांसेको फोटो (२ प्रति) द्वितीय पक्षले उपलब्ध गराएपछि मात्र एक अत्याधुनिक Software/Software को गोप्य Login code उपलव्ध गराउने छ, सो Software द्वितीय पक्षले आफूलाई अधिकार प्राप्त कारोवार संचालनमा मात्र प्रयोग गर्नु पर्नेछ र Login code द्वितीय पक्षले गोप्य नराखि Software को कहि कतैबाट दुरुपयोग भई सो बाट प्रथम पक्ष वा ग्राहकलाई हानि नोक्सानि पुगेमा सो नोक्सानीको क्षतिपूर्ति वहनको दायित्व द्वितीय पक्ष माथि रहनेछ ।

२) द्वितीय पक्षले रकम ट्रान्सफरको कारोवार गर्दा प्रथम पक्षले निर्देशन गरेको फारममा उल्लेखित संम्पुर्ण विवरण ग्राहकलाई भराई उक्त फारममा उल्लेखित PIN NO (कोड नं.) बाट प्रथम पक्षले निर्देशित गरेको Software मा अक्षरस भराइ सम्पुर्ण विवरण मिलेको अवस्थामा ग्राहकको परिचय पत्रको एक (१) प्रतिलिपि राखी भुक्तानी गर्नु पर्नेछ र आवश्यक परेमा अन्य थप विवरण मार्ग गर्ने सकिनेछ ।

३) द्वितीय पक्षले प्रथम पक्ष मार्फत भुक्तानी वा संकलन गरेको रकम सोही दिन वा भोलीपल्ट एक आपसमा फछर्यौट गर्नेछ । फछर्यौट रकम बैंक खाताबाट मात्र कारोवार गरिनेछ ।

४) सेवालाई थप सुरक्षित तथा प्रभाबकारी बनाउनको लागी प्रथम पक्षले प्रति कारोवार अधिकतम रकम तोक्न सक्नेछ । सो को जानकारी प्रथम पक्षले द्वितीय पक्षलाई समयमै गराउनेछ ।

५) द्वितीय पक्षले यस सेवा प्राप्त गर्नको लागी प्रथम पक्षको अनिवार्य सदस्य बन्नु पर्नेछ र सदस्यता शुल्क वापत रु.५,०००/- (अक्षरपी पाँच हजार मात्र) बुझाउनु पर्नेछ ।

६) द्वितीय पक्षले प्रथम पक्षले उपलब्ध गराएको बैंक खातामा तोकिएको रकम जम्मा गर्नु पर्नेछ जुन रकम प्रथम पक्षले द्वितीय पक्षले गर्ने दैनिक कारोवारमा संकलन गर्न सक्ने रकम मान्ने छ र करार अन्त्य भएमा सो रकम प्रथम पक्षले द्वितीय पक्षलाई फिर्ता दिनेछ ।

७) यस करारनामा बहाल रहुन्जेल करारनामामा उल्लेखित कारोबार संग मिल्दोजुल्दो व्यवसाय गर्ने कम्पनी, सहकारी वा संस्था संग द्वितीय पक्षले कुनै पनि संझौता यस करारनामाको पहिलो चरणको सामान्यतया पाँच (५) बर्षको अवधि पुरा नहुन्जेल गर्न पाउने छैन । पहिलो चरणको अवधि पुरा भएको अवस्थामा भने प्रथम पक्षको पूर्व अनुमति लिनु पर्नेछ ।

८) द्वितीय पक्षले सेवा संचालन गर्न आवश्यक सामानहरु टेलिफोन, फ्याक्स, इन्टरनेट, कम्प्यूटर, फोटोकपी तथा आवश्यक दक्ष कर्मचारीहरु को व्यवस्था द्वितीय पक्ष स्वयम्ले गर्नुपर्नेछ ।

९) द्वितीय पक्षले आफ्नो कारोवार स्थलमा प्रथम पक्षले उपलव्ध गराएको साइनवोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ । द्वितीय पक्ष स्वयम्ले चाहेको आकारमा साइनवोर्ड राख्न चाहेमा प्रथम पक्षको स्वीकृति लिई राख्न सक्नेछ ।

१०) द्वितीय पक्षले आफ्नो कार्यालयको ठेगाना, सम्पर्क नम्वर, सम्पर्क गर्ने व्यक्ति आदी प्रथम पक्षलाई उपलव्ध गराउनु पर्नेछ । यदी परिवर्तन भएमा सो को जानकारी तुरुन्त गराउनु पर्नेछ ।

११) द्वितीय पक्षले यो करारनामा वमोजिम गर्ने सबै कारोवार व्यबस्थीत र पारदर्शी रुपमा राख्नु पर्नेछ । आफ्नो अन्य कारोवारमा अव्यवस्थीत रुपमा गाभेर राख्न पाइने छैन । यस्तो कारोवारको प्रथम पक्षले निरिक्षण गर्न सक्नेछ ।

१२) द्वितीय पक्षले कारोवार सञ्चालन गर्ने क्रममा कुनै वाधा अवरोध वा कठीनाई परेमा तुरुन्त प्रथम पक्षलाई खवर गरी प्रथम पक्षको निर्देशन बमोजिम समस्याको समाधान गर्नेछ ।

प्रथम पक्ष                                        दोश्रो पक्ष

१३) प्रथम पक्षले समय समयमा कारोवार अझ प्रभाबकारी बनाउनको लागि द्वितीय पक्षलाई बिभिन्न निर्देशन दिन सक्नेछ । द्वितीय पक्षले यस्तो निर्देशनको पालना एवं कार्यान्वयन गर्नु पर्नेछ । प्रथम पक्षले दिने त्यस्ता निर्देशनहरुले करारको शर्त परिवर्तन गरेको मानिने छैन ।

१४) द्वितिय पक्षले प्रथमपक्षले उपलब्ध गराएको ढाँचामा विप्रेषण, विद्युतीय कार्ड,मोबाइल मनी सेवा तथा अन्य विद्युतीय वित्तिय सेवाहरु प्राप्त गर्ने आफना सदस्यबाट आवश्यक पर्ने निवेदन तथा ग्राहक पहिचान ( KYC ) सबन्धि यथार्थ पूर्णरुपमा विवरणहरु भराई प्रमाणीत गरी प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ । यस सम्बन्धमा प्रथम पक्षले द्वितिय पक्षलाई थप निर्देशन जारी गर्न सक्नेछ यसरी जारी गरेको निर्देशन द्वितिय पक्षले अनिवार्यरुपमा कार्यान्वयन गर्नुपर्नेछ ।

## करारको प्रारम्भ र अवधि

यो करारनामा आजैका मिति देखि लागु भई पाँच (५) बर्ष को अवधि सम्म बहाल रहनेछ । पाँच (५) बर्ष पुरा हुन अघि द्धितिय पक्ष बाट ३ महिना अगावै करारनामा अन्त्यको लागि लिखित अनुरोध पत्र नआएमा स्वतः दोश्रो ५ बर्षको अवधिको लागि नविकरण भएको मिनिने छ ।

## विवाद र समाधान

यो सम्झौता सम्बन्धमा कुनै विवाद भएमा संचालक समितीको निर्णयबाट समाधान गरीनेछ । यसरी विवाद समाधान हुन नसकेमा सो विवाद समाधानका लागि मध्यस्थ समक्ष पेश गरिनेछ । मध्यस्थताको सम्बन्धमा मध्यस्थता ऐन, २०५६ बमोजिम मध्यस्थताको नियुक्ति गरी सो ऐनले तोकेको व्यवस्था अनुरुप विवाद समाधान गरिनेछ ।

## प्रचलित कानून बमोजिम हुने

यस करारमा लेखिएको हकमा सोही बमोजिम, नलेखिएको कुराहरुको हकमा प्रथम पक्ष र द्वितीय पक्षकोसहमतिबाट र सहमति हुन नसकेमा प्रचलित करार ऐन, २०५६ बमोजिम हुनेछ ।

## सम्झौताको समाप्ति

यो करार बमोजिम नियुक्त द्वितीय पक्षको प्रतिनिधि सहायक प्रतिनिधि देहायको अवस्थामा समाप्त हुनेछ ।

- ✓ प्रथम पक्ष र द्वितीय पक्षको आपसी समझदारीमा ।
- ✓ करार ऐन २०५६ को दफा ७९ को अवस्था सृजना भएमा ।
- ✓ द्वितीय पक्षले सम्झौतामा उल्लेखित दायित्व वहन नगरेको भनी स्पष्ट कारणसाथ प्रथम पक्षले हटाउने निर्णय गरेमा ।
- ✓ यस सम्झौतामा अन्यत्र जुनसुकै लेखिएको भएता पनि प्रतिनिधि हट्दा हटाउँदा दुबै पक्षले एक आपसमा लिनु दिनु पर्ने रकम हिसाब मिलान गरेर मात्र हट्न हटाउन सकिने छ ।

## सेवा शुल्क

प्रथम पक्ष र द्वितीय पक्षको सहमतीमा अनुसूची १ मा उल्लेखीत सेवा शुल्क संकलन र आपसमा बाडफाँड हुनेछ जुन आवश्यकता अनुसार प्रथम पक्षले परिवर्तन गरी द्वितीय पक्षलाई पूर्व सूचनागरी जानकारी गराईनेछ।

प्रथम पक्ष                                                                 दोश्रो पक्ष

**सम्झौताका पक्षहरु:**

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
| --- | --- |
| सही : .................................. | सही : ................................. |
| नाम : श्री ............................... | नाम : श्री ........................... |
| पद : ................................... | पद : ................................. |
| मिति : .................................. | मितिः ................................. |

रोहवर साक्षी रोहवर साक्षी

१. श्री ............................................... १. श्री ...............................................

२. श्री .............................................. २. श्री ..............................................

**इति सम्वत् २०७४ साल........ महिना ..........गते रोज ....... शुभम्**

## अनुसूची -१

## सेवा शुल्क विवरण

## १. बिप्रेषण सेवा

✓ विप्रेषण (Inward Remittance):

प्रभु मनि ट्रान्सफर प्रा.लि.का भुक्तानीमा प्रति भुक्तानी वापत रु.७५/- (पचहत्तर रुपैया मात्र) द्धितिय पक्षले प्राप्त गर्नेछ । साथै Money Gram को हकमा Money Gram ले दिने कमिसनको ५०% द्धितिय पक्षले प्राप्त गर्नेछ । प्रभु मनि ट्रान्सफर वाहेकका अन्य बैदेशिक इजाजत प्राप्त मनि ट्रान्सफरको विप्रेषण (Inward Remittance) भुक्तानीको दर रेट System को सुचना पाटीमा भएको अनुसार रहनेछ जसको जानकारी eMail, Tel तथा System मा रहेको Report बाट गराइनेछ ।

✓ Domestic Money Transfer (आन्तरिक विप्रेषण सेवा)

- *Cash Pay Transactions*

**काठमाडौं बाहिरबाट काठमाडौं पठाउँदा :**

| S.N. | Minimum Amount | Maximum Amount | Service Charge | Send Branch Comm. | Pay Branch Comm. |
|---|---|---|---|---|---|
| 1 | 1 | 25000 | 100 | 35 | 35 |
| 2 | 25001 | 50000 | 150 | 50 | 55 |
| 3 | 50001 | 100000 | 200 | 65 | 75 |
| 4 | 100001 | 200000 | 250 | 80 | 95 |
| 5 | 200001 | 300000 | 300 | 95 | 115 |

**काठमाडौंबाट काठमाडौं बाहिर वा काठमाडौं बाहिरबाट काठमाडौं बाहिर पठाउँदा :**

| S.N. | Minimum Amount | Maximum Amount | Service Charge | Send Branch Comm. | Pay Branch Comm. |
|---|---|---|---|---|---|
| 1 | 1 | 10000 | 100 | 40 | 35 |
| 2 | 10001 | 25000 | 180 | 65 | 65 |
| 3 | 25001 | 50000 | 250 | 100 | 70 |
| 4 | 50001 | 100000 | 350 | 125 | 115 |
| 5 | 100001 | 200000 | 450 | 140 | 140 |
| 6 | 200001 | 300000 | 550 | 160 | 170 |

प्रथम पक्ष　　　　　　　　　　　　　　　　　　　　दोश्रो पक्ष

○ ***ACCOUNT DEPOSIT TRANSACTIONS "IPS NETWORK"***

यो सेवा मार्फत सहकारीले प्रभुमनि ट्रान्सफरसंग आवद्ध भएका Commercial Bank, Development Bank र Finance Company को खातामा सिधै पैसा Deposit गर्न सक्नेछन् जसको सेवा शुल्क र सहकारीले पाउने कमिसन System मा रहे अनुसार रहने छ ।

○ ***ACCOUNT DEPOSIT TO CO-OPERATIVE***

यो सेवा मार्फत प्रभु म्यानेजमेण्ट प्रा. लि. सँग आवद्ध भएका सम्पुर्ण सहकारीहरुले एक ठाउंको सहकारी वाट अर्को ठाउंको सहकारीमा रकम जम्मा गर्न सक्नेछन् जसको सेवा शुल्क र सहकारीले पाउने कमिसन System मा रहे अनुसार रहने छ ।

## २. Mpos तथा विल भुक्तानी सेवा

यो सेवा मार्फत सहकारीहरुले सम्पुर्ण सुविधा उच्चतम प्रतिफलका साथ प्रयोग गर्न सक्नेछन् जसबाट सहकारीले पाउने कमिसन System मा रहे अनुसार रहने छ ।

## ३. अन्य सेवा

System मा देखिएका नयाँ सुविधाहरुको जानकारी सहकारीहरुले System को सुचना पार्टी तथा eMail, Tel बाट पाउनुका साथै प्रयोग गरे बापद पाउने कमिसन System मा रहे अनुसार नै Report बाट गराईनेछ ।

नोट - उपरोक्त सेवा शुल्कमा नेपाल सरकारको आन्तरिक राजस्वको नियमअनुसार T.D.S. काटिनेछ तथा सहकारी सस्थाले प्रभु म्यानेजमेण्ट प्रा. लि.मा eMail तथा Tel गरि आवधिक सुचना प्राप्त गर्न सक्नेछन् ।

प्रथम पक्ष दोश्रो पक्ष